लेकवेशी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कल्याण, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

## ७०% अनुदानमा मकैको उन्नत बीउ माग गर्ने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/१२/२७)

यस नगरपालिकाको चालु आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार "७०% अनुदानमा खाद्यान्न बालीको बिउ वितरण कार्यक्रम" अन्तर्गत ७० प्रतिशत अनुदानमा तपसिल बमोजिम मकैको उन्नत जातको बीउ वितरणका लागि माग संकलन गर्नुपर्ने भएकाले बीउ माग गर्न इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्महरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिन (२०८२/०१/०३ गते) कार्यालय समयभित्र तपसिलका कागजातहरु संलग्न गरि यस नगरपालिकाको कृषि विकास शाखामा निवेदन पेश गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

थप जानकारीको लागि वेबसाईट www.lekbeshimun.gov.np वा वडा नं. ४- ९८४८१६१०४५, वडा नं. ५- ९८४८०४८७०१, वडा नं. ९- ९८४४८६६४०२ र नगर कृषि विकास शाखा- ९८६८८२७११०

तपसिल

| क्र. सं. | प्राप्त हुने मकैको जात | अनुदानको प्रतिशत | स्वीकृत बजेट रु. |
|---|---|---|---|
| १ | रामपुर कम्पोजिट, मनकामना-३ र अरुण-२ | ७० प्रतिशत | १,५०,००० |

आवश्यक कागजातहरु :

- मकैको उन्नत बीउ माग गर्ने निवेदन र कृषकको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
- मकै रोप्ने जमिनको जग्गा धनी प्रमाण-पत्रको प्रतिलिपी
- कृषक समूहको हकमा दर्ता प्रमाण पत्र र मकैको उन्नत बीउ मग गर्ने निर्णयको प्रतिलिपि
- कृषि फर्म र संस्थाको हकमा दर्ता प्रमाण पत्र, PAN प्रमाण-पत्र, कर चुक्ता प्रमाणको प्रतिलिपि
- सहकारीको सञ्चालक समितिको कार्यक्रम माग गर्ने निर्णयको प्रतिलिपि

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखा, लेकवेशी नगरपालिका :- सूचना बेवसाइटमा अपलोड गरिदिनुहुन।

..........
पहलमान अधिकारी
नि. प्रमुख प्रशासकीय अधिकृत

मिति: ............

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
लेकवेशी नगरपालिका, कल्याण सुर्खेत ।

विषय: ७०% अनुदानमा मकैको उन्नत जातको बीउ उपलब्ध गराई पाउँ भन्ने बारे।

म/हामीलाई खाद्यान्न वाली मकैको बीउ आवस्यक भएकोले लेकवेशी नगरपालिकाको मिति २०८१/१२/२७ प.सं. २०८१/०८२ मा यस लेकवेशी नगरपालिकाको वेवसाईट/सूचनापाटी/वडा कार्यालयमा टाँस गरिएको सूचनाको आधारमा तपसिलका कागजात सहित **मकैको उन्नत जातको बीउ ७०% अनुदानमा** उपलब्ध गराई पाउनका लागि यो निवेदन पेश गरेको छु/छौ ।

तपसिल

| क.सं. | माग गरिएको मकैको जात | माग गरिएको परिमाण (के. जि.) | मकै रोप्ने जग्गाको क्षेत्रफल | कै. |
|---|---|---|---|---|
| १ | रामपुर कम्पोजिट | | | |
| २ | मनकामना-३ | | | |
| ३ | अरुण-२ | | | |

संलग्न कागजात:

१........................................
२........................................
३........................................
४........................................
५........................................
६........................................

निवेदक

दस्तखत:
निवेदकको नाम:
मोवाईल नं.:
संस्था/समूह/फर्मको नाम:
पद:
संस्थाको छाप: